# गौर नगरपालिका

## स्थानीय राजपत्र

गौर नगरपालिका द्वारा प्रकाशित

खण्ड: ९ संख्या: २ मिति:२०८२/०७/३०

भाग: २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको कार्यविधि नं. २

# **मातृ तथा नव शिशु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**

भूमिका

राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष स्थानीय तहहरुको लागि विभिन्न क्षेत्र अन्तर्गत विभिन्न कार्यक्रम संचालनको लागि विशेष अनुदान आह्वान गर्दछ। राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको प्रस्ताव माग गरे बमोजिम गौर नगरपालिकाले पनि मुलभूत क्षेत्र समावेशीकरण तथा मुलप्रवाहीकरण अन्तरगत पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवाको विस्तार कार्यक्रम संचालनका लागि पेश भएको मातृ शिशु तथा पोषण सुधार प्रस्तावको स्वीकृत भई चालु आर्थिक वर्षको लागि अनुदान प्राप्त गरेको छ । राष्ट्रिय योजना आयोगबाट प्राप्त अनुदानलाई स्थानीय तहमा प्रभावकारीरुपमा कार्यान्वयन गर्नको लागि स्थानीय तहमा संचालन हुने क्रियाकलापहरुको सञ्चालनको लागि कार्य सशासन निर्देशिका बनाई सो निर्देशिकालाई कार्यपालिकाबाट अनुमोदन गरी कार्यान्वयन गर्नुपर्दछ ।

**कार्यक्रम सञ्चालन निर्देशिकाको उद्देश्यः**

राष्ट्रिय योजना आयोगले प्रत्येक आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको प्रस्ताव माग गरे बमोजिम स्थानीय तहले विभिन्न मुलभूत क्षेत्रमा रहि विभिन्न आयोजना तथा कार्यकमहरुको प्रस्ताव पेश गरिन्छ ।यसरी स्थानीय तहहरुले पेश गरेको कार्यक्रममा प्रस्ताव गरेको बजेट पूर्णरुपमा स्वीकृत नहुने र राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान कार्यविधिमा व्यवस्था भए वमोजिम प्रस्तावित क्रियाकलापहरुलाई स्वीकृत वजेट अनुरूप परिमार्जन तथा समायोजन गरी सो क्रियाकलापहरुको उद्देश्य र कार्यान्वयन प्रक्रियाको वारेमा कार्यान्वयन निकाय प्रष्ट हुनुपर्छ। राष्ट्रिय योजना आयोगबाट प्राप्त अनुदानलाई स्थानीय तहमा प्रभावकारीरुपमा कार्यान्वयन गर्नको लागि स्थानीय तहमा सञ्चालन हुने कियाकलापहरुको कार्य संचालन निर्देशिका बनाई सो निर्देशिकालाई स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्य सञ्चालन निर्देशिकाले विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने कार्यकम राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यविधि २०८१ मा व्यवस्था भए बमोजिम प्रभावकारी कार्यान्वयन गर्न सहज होस भन्ने मुलभूत उद्देश्य रहेको छ। यसका अतिरिक्त विशेष अनुदान अन्तरगतका क्रियाकलापहरु कार्यान्वयन निर्देशिकाका निम्न उद्देश्यहरू रहेको छन

* विशेष अनुदान अन्तरगत छनौट भएका कियाकलापहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।
* विषयगत शाखाले सञ्चालन गर्ने क्रियाकलापहरुको कार्यान्वयन विधि र बजेटको बारेमा प्रष्ट हुने ।
* बजेट खर्च र प्रगतिको दस्ताबेजिकरणमा सहजता हुने ।
* आवश्यक सन्दर्भ सामाग्री र प्राविधिक सहयोग परिचालनमा सहजता हुने ।
* छनौट भएका क्रियाकलापहरुको कार्यान्वयन समय, स्थान र जिम्मेवार व्याक्ति तथा शाखाको बारेमा जानकारी हुने ।
* छनौट भएका क्रियाकलापहरुको उद्देश्य कार्यान्वयन बिधि र प्रक्रियाका साथै अपेक्षित उपलब्धि अनुगमन खाका सन्दर्भ सामाग्री, बजेट बाडफाड र अभिलेख र प्रतिवेदनका बारेमा विस्तृत जानकारी प्रदान गर्ने ।

**<u>क. क्रियाकलाप तथा बजेट</u>**

<u>क्रियाकलाप नं १:</u>

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालवालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सचालित एउटा महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिलाहरुलाई गर्भवती महिलाको गर्भमा रहेको बालकले आफ्नो बाबालाई गर्भवती अवस्थामा आमालाई पोषिलो खाना ६ महिना सम्म पूर्ण स्तनपान समयमै ठोस आहारको सुरुवात नियमित वृद्धि अनुगमन समयमै खोप लगाउने जस्ता विषय बस्तुहरुलाई समेटेर सुनौला १००० दिनमा अविभावकले गर्ने जिम्मेवारी बोध गराई आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार ल्याउन क्रियाकलापहरु कार्यान्वयन गरिनेछ। यो क्रियाकलाप गौर नगरपालिकाको तोकिएका वडाहरु तथा लक्षित समुहमा चा.लु.आ.वं.२०८२/०८३ मा संचालन हुनेछ ।

**उद्देश्यः**
*पालिकामा रहेका सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाबाट परामर्श सहित वितरण गरिनेछ ।

*गर्भवती महिला र बालबालिकाको पोषण स्थितीमा सुधार हुनेछ ।

*अभिभावकलाई सुनौती १००० दिनको महत्वबारे जानकारी भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** सुनौला हजार दिनका आमा तथा गर्भवती महिलाको स्वास्थ्य संस्थामा नियमित जाँचको दरमा वृद्धि हुनेछ । र गर्भवती सुत्केरी र दुध खुवाउने आमाहरुको पोषण स्थितीमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नगरपालिका सामाजिक विकास शाखा एव बहुक्षेत्रिय पोषण हेर्ने शाखा सम्पर्क व्यक्ती र स्वास्थ्य शाखा ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १ करोड ६५ लाख बजेटको व्यवस्था गरिएको छ। पालिका र बडा स्तरमा संचालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत बिबरण बजेट बाडँफाडमा उल्लेख गरिएको छ ।

**<u>क्रियाकलाप नं. २ पोषणमैत्री स्वास्थ्य संस्था घोषणा</u>**

**परिचयः** पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को मर्म बमोजिम स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह भैरहेका पोषण विशेष सेवाहरुको निरन्तरता तथा गुणस्तर सुधार गर्न सहयोग गर्ने एउटा महत्वपूर्ण गतिविधिको रुपमा पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाको निकास गरेको छ। यो अवधारणाको कार्यान्वयन गर्नका लागि सबै स्वास्थ्य संस्थाहरुलाई क्रमश पोषणमैत्री स्वास्थ्य संस्था भएको सुनिश्चित गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको छ।
पोषण मैत्री संस्था घोषणा अभियान पोषणमैत्री वडा तथा स्थानीय तह घोषणाको पहिलो खुडकिलो हो। यस अभियानले पोषणमैत्री वडा घोषणाको लागि आधार तय गर्दछ। यो क्रियाकलाप गौर नगरपालिकाको तोकिएका ९ वडाहरुमा चालु आ.वं.२०८२/०८३ मा संचालन हुनेछ ।

**उद्देश्यः** नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा लिन पाउने हक हुने व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालबालिका किशोरकिशोरी तथा गर्भवती महिला लक्षित पोषण विशेष सेवाहरुलाई आधारभूत स्वास्थ्य सेवाको सूचिमा समावेश गरेको छ। यस अर्थमा स्वास्थ्य संस्थामा पोषण विशेष सेवा लिन आउँदा विना झन्झट र निःशुल्क रुपमा तोकिएका पोषण सेवा पाउनु आम नागरिकको नैसर्गिक अधिकार हो र यो अधिकार सुनिश्चित गर्ने दिशामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिबद्ध छ। नागरिकको यो अधिकार साँचो अर्थमा सुनिश्चित गर्नका लागि तोकिएका सबै मापदण्ड पूरा गरी स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण गर्न आवश्यक छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पोषणको क्षेत्रमा गरिएका प्रतिवद्धता पूरा गर्नका लागि नेपालले अंगिकार गरेको बहुक्षेत्रीय पोषण योजनाको मर्म बमोजिम स्थानीय तहलाई पोषणमैत्री बनाउने अभियान कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ जारी गरेको छ । पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिकाले वि.सं. २०८७ सम्ममा सम्पूर्ण स्थानीय तहलाई पोषणमैत्री बनाउने लक्ष्य निर्धारण गरेको छ। बहुक्षेत्रीय पोषण योजना अनुरुप पोषण विशेष सेवा प्रदान गर्ने महत्वपूर्ण विषयगत क्षेत्रको हैसियतमा रहेको स्वास्थ्य सेवाको सुधार नभए समय पूर्ण रुपमा पोषणमैत्री स्थानीयतहको कल्पना गर्न सम्भव हुँदैन । तसर्थ उक्त निर्देशिका वमोजिम स्थानीय तहमा स्वास्थ्य क्षेत्रसंग सम्बन्धित मापदण्ड तथा सूचकहरु पूरा गराई स्वास्थ्य संस्थाहरुलाई क्रमशः पोषणमैत्री बनाउँदै लैजानु पर्ने आवश्यक छ ।

**अपेक्षित प्रतिफलः** स्थानीय तहमा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा अन्तर्गतका मापदण्ड तथा सूचकहरु भई सबै स्वास्थ्य संस्थाहरु कमशः पोषणमैत्री स्वास्थ्य संस्था घोषणा भएका हुनेछन ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा र सम्बन्धित वडा कार्यालयका साथै स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा सामाजिक विकास शाखा गौर नपा कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः** पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका लागि स्वास्थ्य संस्था छनौट गर्ने । छनौट भएको स्वास्थ्य संस्था रहेको वडा कार्यालयको समन्वयमा स्वास्थ्य संस्था व्यवस्थापन समिति स्वास्थ्यकर्मीहरु महिला स्वास्थ्य स्वयंसेविकाहरु र आमा समुह सरोकारबालाहरुको सहभागितामा सुचकहरुको अवस्था विश्लेषण गरी घोषणाको लागि थप गर्नुपर्ने कार्य जिम्मेवारी सहित कार्य योजना निर्माण गर्ने। पोषण विशेष क्रियाकलापहरु कार्यान्वयनमा देखिएको समस्या र सो समाधानको लागि वडा स्तरीय योजना निर्माण गरी सो योजना निर्माणको लागि समुदायमा आम भेलाको आयोजना गर्ने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पोषण मैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ अनुसार कार्यान्वयन गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १० लाख बजेटको व्यवस्था गरिएको छ। पालिका स्तरमा संचालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको विस्तृत विवरण उपलब्ध गराईने छ ।

**क्रियाकलाप नं ३ सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन र अभिमुखिकरण कार्यक्रम।**

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि संचालित एउटा महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि विभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । यो कार्यक्रम मधेश प्रदेशका सबै जिल्लाहरुमा कार्यान्वयनमा रहेको छ। स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषण सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको सकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रबाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र वर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरी हरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो। यो क्रियाकलाप गौर नगरपालिकाको तोकिएका वडाहरुमा चालु आ.व २०८२।८३ मा सन्चालन हुनेछ ।

**उद्देश्यः** सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन ।

* छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका विपन आमा तथा किशोरीको समुह गठन गर्ने ।
* सो समुह मार्फत पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।
* कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गरी क्षमता विकास गर्ने ।
* पिछडिएको क्षेत्र र समुदायको पहिचान गरी सो मा पोषण सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने ।
* पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन का लागि समुहलाई परिचालन गर्ने ।

**अपेक्षित प्रतिफलः** सुनौला हजार दिनका आमा र किशोरीहरुको समुह गठन भई पोषण सम्वन्धी सरोकारवालाहरुको ज्ञान तथा सीप र क्षमता अभिवृद्धिका साथै पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत गुणस्तरीयतामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नगरपालिका सामाजिक विकास शाखासंगको प्रमुख समन्वयमा सम्बन्धित स्थानीय तहका अन्य शाखाहरु र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा गौर नगरपालिकाको कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः** गौर नपाको सबै वडामा यो क्रियाकलाप कार्यान्वयन हुनेछ। यस कियाकलाप अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन हुनेछन। पोषण सहजकर्ता, स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिवार सहजीकरणमा समुह गठन गरिने छ ।

* सुनौला हजार दिनका महिला र घरपरिवारको तोकिएको ढाँचामा विवरण संकलन गर्ने ।

* वडा समितिको सहभागितामा समुह गठन गर्ने ।

* समुह सदस्यहरुलाई समुहको उद्देश्य र जिम्मेवारीका बारेमा अभिमुखिकरण गर्ने ।

* समुदायमा संचालन हुने पोषणको विभिन्न अभियानमा समुहलाई परिचालन गर्ने ।।
* महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत परिवारका सदस्य तथा आमाहरुलाई मार्फत आ आफ्नो बालबालिकाहरुलाई पोषण लेखाजोखा गर्नको लागि ज्ञान सीप अभिवृद्धि गर्ने र समुदाय स्तरमा स्वस्थ बच्चा र आमाको प्रतिस्पर्धाको आयोजना गर्ने ।

* वडा र बस्ती तहमा गठन भएका सुनौलो हजार दिनका आमा र किशोरी समुहहरुको प्रतिनिधित्व हुने गरी पालिका स्तरीय समुह संजाल गठन गर्ने ।

* समुह सदस्य र सञ्जालहरुका सदस्यहरुको विवरण अध्यावधि गर्ने।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १० लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ। पालिका र वडा स्तरमा सञ्चालन हुने कियाकलापहरुको लागि आवश्यक वजेटको विस्तृत विवरण बजेट बाँडफाडमा उल्लेख गरिएको छ।

**सन्दर्भ सामाग्रीः** बृहत पोषण प्याकेज तालिम पुस्तिका र फिलिप पार्ट, आईमाम निर्देशिका, पोषण मैत्री स्वास्थ्य संस्था घोषणा निर्देशिका २०७९ र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका ।

**अनुगमनः** सम्बन्धित स्थानीय तह, स्वास्थ्य सेवा कार्यालयले कार्यक्रम कार्यान्वय अबधि र पक्षात अनुगमन तथा सुपरिवेक्षण गर्नेछ

**क्रियाकलाप नं. ४: पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पालिका स्तरिय सुचकहरु निर्धारण र स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठी ।**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। सरोकारबाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ। नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अवधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आव भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो।

**उद्देश्यः** पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पालिका स्तरिय सुचकहरु निर्धारण र स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठी मुख्य उद्देश्यहरु निम्न रहेका छन ।

* पोषण मैत्री स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा नगर स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
* पोषण मैत्री स्थानीय शासनका विधि, प्रक्रिया र सुचकका बारेमा वडा समिति र सरोकारवालालाई जानकारी गराउने ।
* पोषणमैत्री वडा घोषणाको लागि प्रतिवद्धता सहित कार्य योजना निर्माण गर्ने ।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय शासन अन्तर्गत विभिन्न अभियानहरु संचालन भई तोकिएको वडा चालु आवमा नै पोषणमैत्री वडा घोषणा भएको हुनेछ ।
**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रक्रियाः**
* अभिमुखीकरण तालिमको विषयवस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने।

* यो क्रियाकलाप नगरपलिका र वडा तहमा छुट्टा छुट्टै रुपमा संचालन हुनेछ। नगरपालिका तहमा नगरका सबै सरोकारबालाहरुको सहभागिता हुनेछ भने वडा तहमा वडाका सबै सरोकारवालाहरुको सहभागिता हुनेछ। अभिमुखीकरणमा पोषण, स्वास्थ्य सरोकारवालाहरुको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिवद्धताकबारे छलफल गर्ने।

* पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा १ दिने अभिमुखिकरण गर्ने। अभिमुखिकरणमा वडा समितिका पदाधिकारीहरु सबै र अन्य सरोकारवालाहरुलाई सहभागि गराउने । अभिमुखिकरण कार्यक्रममा पोषण मैत्री स्थानीय शासनका सुचकहरु विधि र प्रक्रियाका साथै वडा समितिको जिम्मेवारी र कार्य योजनाका बारेमा छलफल गर्नुपर्ने । यस्तो अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएको व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।

* नगर स्तरीय पोषण तथा खाध सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम लक्ष्यका वारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।

* त्यसैले नगरको अभिमुखिकर पश्चात  वडा अभिमुखिकरण गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २० लाख ७५ हजार बजेटको व्यवस्था गरिएकोछ। बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाँडफाड गर्न सकिनेछ ।

<u>**क्रियाकलाप नं ५ पोषिलो खाद्य सामाग्री लक्षित समुहलाई वितरण कार्यक्रम**</u>

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचकहरु लक्ष्य अनुसार हासिल गर्न र बालबालिकामा हुने कुपोषण लाई न्यूनिकरण गर्न पालिकाले प्रत्येक स्वास्थ्य संस्थाहरुमा गर्भवती महिला ६ महिना सम्म सुत्केरी र ६ महिना देखि २३ महिना सम्मका बालबालिकाहरुलाई वा लक्षित समुहलाई उपलब्ध गराउन यस कार्यक्रमको जरुरी भएकोले चालु आ.व. मा सबै लक्षित समुहले पोषिलो खाद्य सामाग्री समयमै पायक पर्ने स्थानमा वितरण गर्न सजिलो होस भन्ने उद्द्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** पोषण सामाग्री लक्षित समुहलाई वितरण कार्यक्रम उद्देश्यहरु निम्न रहेका छन्: ।

* मातृशिशु तथा बाल्यकालिन पोषण कार्यक्रम नियमित संचालन हुने ।

* लक्षित समुहले संम्बन्धित वडाबाट सहज रुपमा पोषन सामाग्री उपलब्ध हुने ।

* मातृ तथा बालवालिकामा हुने कुपोषण दरमा कमी ल्याउने ।

**उपेक्षित प्रतिफलः** लक्षित समुह सबैले शत प्रतिशत पोषन सामाग्री पाएका हुनेछन र त्यसको प्रयोग लक्षित समुहले गरेको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नगरपालिकाको सामाजिक विकास शाखा, बहुक्षेत्रिय पोषण कार्यक्रम हेर्ने सम्पर्क व्यक्ती र स्वास्थ्य संस्थाहरुबाट यो क्रियाकलाप कार्यान्वयन हुनेछ।

**सञ्चालन प्रकृयाः** पोषण सामाग्री आपुर्तिकर्तासंग सम्झौता गरी ढुवानी गर्न लगाई प्रत्येक स्वास्थ्य संस्थाको भण्डारमा पुराई हरेक महिनामा वितरण भएको हुनेछ ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. १८ लाख बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडँफाड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. ६ः वडा स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितीका पदाधिकारीहरुलाई पोषण उन्मुख नमुना बस्तिको अवधारणा सम्बन्धमा अभिमुखिकरण**

**परिचयः** सुनौला हजार दिनको घरपरिवारमा नियमित रुपमा स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराई पानी जन्य रोगहरुबाट बचाई पोषणको अबस्था सुधार गर्न जरुरी छ। नियमित रुपमा प्रयोग हुदै आईरहेको खानेपानी सुरक्षित भए नभएको एकिन गरी पानी शुद्धिकरण विधीहरुबारे समितीलाई जानकारी गराई व्यक्तिगत सरसफाई चर्पिको प्रयोग भई व्यवहार परिवर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः**

* समितीका पदाधिकारीहरु सुरक्षित खानेपानी सरसफाई र स्वच्छताबारे जानकार भई समुदयमा सुरक्षित खानेपानी उपलब्ध गराउन सहयोग पुग्नेछ।
* सुरक्षित खानेपानीको प्रयोगले पानी जन्यरोगहरुको दरमा कमी आउने छ ।
* समुदायले सफा र सुरक्षित खानेपानी प्रयोग गरेको हुने छ ।
* पोषण संगै सरसफाई प्रवर्धन भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा सुरक्षित खानेपानी उपलब्ध भई पोषणको अबस्था सुधार ल्याउन र समुदायमा पोषण संवेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संवेदनशिल सेवाको पहुंचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुने छ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा सामाजिक विकास शाखा, बहुक्षेत्रिय पोषण कार्यत्रम हेर्ने सम्पर्क व्यक्ती गौर नपा कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः**

* कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।

* बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौलो हजार दिनको घरपरिवारको तथ्यांक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्न पठाउने

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ५ लाख २५ हजार बजेटको व्यवस्था गरिएको छ ।

**अभिलेख तथा प्रतिवेदनः** सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखा, बहुक्षेत्रिय पाेषण कार्यत्रम हेर्ने सम्पर्क व्यक्तीले यस कार्यक्रम संग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यकमसँग सम्वन्धी प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियायाकलाप नं.७ वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुलाई पोषण उन्मुख नमुना वस्तिको अवधारणा सम्बन्धमा अभिमुखिकरण**

**परिचयः** नगरपालिकालाई पोषण मैत्री पालिका घोषणाको आधार तयार गर्न वडा स्तरबाट पोषण मैत्री बस्तिको घोषणा गर्न यो कार्यक्रम संचालन गर्न जरुरी छ। वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितीका पदाधिकारीहरु र सरोकारवालाहरुलाई पोषण मैत्री पालिकाको अवधारणा बारे अभिमुखिकरण गरी नमुना बस्ती घोषणाको लागी आधार तयार गरिनेछ । पालिकालाई पोषण मैत्री पालिका बनाउने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

* वडा स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितिको पोषण मैत्री पालिका र पोषण उन्मुख नमुना बस्तीका अबधारणा बारे अभिमुखिकरण गर्ने ।
* पोषण उन्मुख नमुना बस्तीको लागी टोल छनौट गर्ने ।
* पोषण उन्मुख नमुना बस्ती घोषणाका लागि स्रोत पहिचान गर्ने ।
* पोषण उन्मुख नमुना बस्ती छनौट भए पश्चात कार्यक्रम संचालन गर्ने।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री नमुना बस्तीको अवधारणाबारे जानकारी लिई पोषणाका लागि सहयोग पुगेको हुनेछ ।
**कार्यान्वयन गर्ने निकायः** वडा नपा पोषण स्वंयसेवक र विषयगत शाखाहरु सबै ।
**सञ्चालन प्रकृयाः**

* पोषण तथा खाध सुरक्षा निर्देशक समितीको बैठक बोलाई अभिमुखिकरण गर्ने ।

* कार्यक्रममा सहयोगी सरोकारवालाहरुलाई समेत आमन्त्रण गरी अभिमुखिकरण गर्ने ।

* पोषणको विषय विज्ञ समेतलाई आमन्त्रण गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ ।

**अभिलेख तथा प्रतिवेदनः** सम्वन्धित स्थानीय तहको पोषण स्वयंसेवकले सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धि प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ ।

**क्रियाकलाप नं ८ः पूर्ण सरसफाई सम्बन्धि अनुगमन चेकलिष्ट फलेक्स प्रिन्ट छपाई तथा पोषण उन्मुख नमुना बस्तिका घरधुरीहरुमा राखि नियमित अनुगमन**

**परिचयः** पोषण मैत्री पालिका बनाउन सरसफाई क्षेत्र पनि एक महत्वपूर्ण पाटो हुने भएकोले सरसफाईको अवस्था सुधार गर्न जरुरी छ । पोषण उन्मुख टोल घोषणाका लागि छनौट भएको बस्तिमा हरेक घरमा सरसफाईका सुचक पुरा भए नभएको एकिन गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः**

* पोषण उन्मुख नमुना बस्तिका सबै घरधुरीमा चेकलिष्ट उपलब्ध गर्ने ।

* सरसफाई चेकलिष्ट अनुसार नियमित अनुगमन गर्ने र पुरा नभएको सुचकहरु पुरा गर्न लगाउने।

**अपेक्षित प्रतिफलः** पोषण उन्मुख नमुना बस्तिमा पूर्ण सरसफाई भई पोषण अवस्थामा सुधार हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा खानेपानी तथा सरसफाई शाखा रौतहट।

**संचालन प्रकृयाः**

* पूर्ण सरसफाईका सूचकरुको फ्लेक्स तयारी गरी पोषण उन्मुख नमुना बस्तिमा वितरण गर्ने।
* सुचकहरुको नियमित अनुगमन गर्ने

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत वार्षिक कार्ययोजना उल्लेख गरीएको छ ।

<u>**क्रियाकलाप नं ०९: सिमान्तकृत सुनौला हजार दिनका घरपरिवारहरुलाई पोषण युक्त करेसाबारी को लागि विउ विजन वितरण**</u>

**परिचयः** जिल्लामा सिमान्तकृत समुदायमा पोषण बिशेष सेवा प्रभावको अवस्था सन्तोषजनक छैन। सिमान्तकृत र दलित समुदाय पनि छोटो समयको रोजगारको लागि मौसमी बसाई सराई गरी रहने र स्वास्थ्य संस्थाको पहुंचमा नरहने भएकोले यो समुदायमा समेत कुपोषणको दर बढी रहेको छ। यो दुबै समुदायमा स्वास्थ्य तथा सरसफाईको कभी साक्षरताको कमी, आर्थिक अवस्था कम्जोर र सचेतनाको कमि जस्ता समस्या रहेका छन । यो समुदायलाई नेपाल सरकारवाट प्रदान गरिने स्वास्थ्य सेवाको बारेमा जानकारी नहुने र स्वास्थ्य सम्बन्धी परम्परागत धारणाका कारणले समेत स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका छन। गौर नगरपालिका क्षेत्र भित्रका सिमान्तकृत समुदायमा पोषण विशेष सेवाको पहुच र सेवा प्रभाव गरी पोषणको अवस्था सुधार गर्न पोषण विशेष सेवा कार्यक्रम र पोषण कोसेली वितरण क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** सिमान्तकृत समुदायको लागि पोषण विशेष र पोषण कोशेली वितरण क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन

* सिमान्तकृत समुदायका ५ वर्ष मुनिका बालवालिकाहरुको कडा शीघ्र कुपोषणको पहिचान उपचार र व्यवस्थापन
* सिमान्तकृत समुदायलाई पोषण विशेष सेवाको पहुंचमा ल्याउने ।
* पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
* लोपउन्मुख र पिछडिएको समुदायको पोषण अवस्थामा सुधार ल्याउने ।

**अपेक्षित प्रतिफलः** लोपउन्मुख र सिमान्तकृत समुदायमा पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत समुदायलाई पोषण विशेष सेवाको पहुँचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भाएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा र सम्बन्धित वडा कार्यालयका साथै स्वास्थ्य सस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा गौर नपा रौतहट ।

**संचालन प्रकृयाः**

* स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा सम्बन्धित क्षेत्रको स्वास्थ्य संस्था प्रमुखहरुको बैठक गरी वडाको समन्वयमा क्रियाकलाप गर्ने ।
* लोपउन्मुख र पिछडिएको समुदायका गर्भवति सुत्केरी र ५ वर्ष मुनिका बालबालिकाहरुको महिला स्वास्थ्य स्वंय सेविका माफर्त विवरण संकलन गर्ने ।
* लोपउन्मुख र पिछडिएको समुदायका गर्भवति सुत्केरी र ५ वर्षमुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा गरी पोषण सामाग्री वितरण गर्ने पोषण सामाग्री प्रति परिवार रु १००० को वितरण गर्ने ।

* पोषण सामाग्रीहरुमा दाल, चना, अण्डा नुन, तेल,तरकारी, फलफूल, साबुन, बर्स, नङ कट, पोष्टिक, पिठो आदिको प्याकेज बनाई वितरण गर्ने ।

* पोषण लेखाजोखाको अवसरमा सम्वन्धीत समुदायका गर्भवति महिलाहरुको भिडियो एक्सरे मार्फत गर्भजाँच गर्ने र सुत्केरी महिलाहरुलाई पोषण सेवा प्रदान गर्ने। महिला बालबालिका र किशोरीहरुलाई भिटामिन ए आईरन जस्ता पोषण सामाग्री उपलब्ध गराउने ।

* लोपउन्मुख र पिछिडीएको समुदायका गर्भवति सुत्केरी ५ वर्ष मुनिका बालवालिका र किशोरीहरुलाई सम्बन्धित स्थानीय तह अन्तर्गतको स्वास्थ्य सेवा मार्फत पोषण विशेष सेवामा आवद्धता गर्ने । कार्यक्रमसंग सम्बन्धि प्रतिवेदन जिल्ला स्वास्थ्य सेवा कार्यालयलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ५ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत डफोड गर्न सकिनेछ ।

**<u>कियाकलाप नं.१०: पोषण सुधारका लागी मावि तहका किगोरकिशोरीहरुलाई पोषण अभियानकर्ता तयार पार्न नगरपालिका स्तरको २ दिने तालिम</u>**

**परिचयः** गौर नगरपालिका क्षेत्र भित्र बालविवाह न्यूनिकरण गरी किशोरी अवस्थामा हुने गर्भधारण रोक्न र किशोर किशोरीलाई ने परिचालन गरी बालविवाह न्यूनिकरण र पोषण अवस्था सुधारको लागि समुदाय र बिद्यालयहरुमा अभियनकर्ता तयार गर्न नगरपालिका र विधालय तहमा किशोर किशोरीहरुको सन्जाल निर्माण गरी परिचालन गर्न आवश्यक छ। बालबालिका र किशोर किशोरीकै समस्या उनीहरुकै सहभागिता र सक्रियतामा समाधान गरी सुरक्षित भबिष्य निर्माणको लागि यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** पोषण सुधारको लागि मावि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता तयार पार्न नगरपालिका स्तरको २ दिने तालिम संचालन क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* पोषण सुधारको लागि मावि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता तयार पार्ने ।

* किशोर किशोरी मार्फत बाल विवाह न्यूनिकरणका लागि प्रतिबद्धता सहित अभियान संचालन गर्ने ।

* विधालयका किशोर किशोरीलाई पोषण स्वास्थ्य, बालविवाहका असर, जीवन उपयोगी सीप र पोषण मैत्री अभियानका वारेमा अभिमुखीकरण गर्ने ।

* विद्यालयमा पोषण नमुना वगैचा र पोषण प्रदर्शनी स्थलको व्यवस्थापन गर्ने ।

**अपेक्षित प्रतिफलः** पोषण सुधारको लागि मावि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता को रुपमा किशोर किशोरी मार्फत बाल विवाह न्युनिकरणका लागि प्रतिबद्धता सहित समुदायमा अभियान संचालन भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा शिक्षा र महिला बालबालिका शाखाको समन्वयमा सम्वन्धित वडा कार्यालय र विद्यालयहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**

* शिक्षा शाखा प्रमुखको नेतृत्वमा सम्बन्धित सरोकार क्षेत्रको र विधालयका प्रमुखहरुको बैठक गरी वडाको समन्वयमा कियाकलाप गर्ने ।
* अभिमुखीकरण तालिमको विषयवस्तु र विधिप्रक्रियामा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने ।
* नगरपालिका क्षेत्रका सबै मावि बाट २ जना विद्यार्थी र १ जना शिक्षकको सहभागिता हुने गरी २ दिने पोषण अभियानकर्ता सम्बन्धी नगर स्तरीय आयोजना गर्ने। सो तालिममा पोषण अभियानकर्ताको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताका बारे छलफल गर्ने ।

* स्वास्थ्य पोषण सहभागि छनौट गर्दा स्वयंसेवक ले पोषणको अभियानकर्ताको रुपमा काम गर्न इच्छुक अरुलाई प्रभाव पार्न सक्ने किशोर किशोरीको छनौट गर्नुपर्नेछ ।

* किशोर किशोरीकले तालिम पश्चात के के काम गर्ने सोको कार्य योजना र प्रतिवद्धता समेत गर्ने ।

* किशोर किशोरीले आफ्नी स्कूल,गाउँ र घरपरिवारमा पोषणका बारेमा चेतना अभिवृद्धि गर्नुपर्ने छ ।
* विधालयमा पोषण नमुना बगैचा र पोषण कर्नर स्थापनाको प्रतिबद्धता गर्ने र साथै बिधालयमा भएका सबै किशोर किशोरीलाई २० वर्ष अघि विवाह नगर्ने प्रतिबद्धता गराउने र सो प्रतिवद्धतामा सामुहिक हस्ताक्षर गराई विद्यालयमा राख्ने ।

* सबै विधालयहरुमा पोषण स्वास्थ्य,बालविवाहका असर जीवन उपयोगी सीप र पोषण मैत्री अभियानका बारेमा अभिमुखीकरण गर्ने

* यो तालिममा सबै शाखा जस्तै स्वास्थ्य, महिला लगायत अन्य शाखाको समेत सहभागिता हुने ।

* **बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख बजेटको व्यवस्था गरिएकोछ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ

**<u>क्रियाकलाप नं ११ः बालविवाह न्युनिकरणका लागि सचेतनामुलक कार्यक्रम</u>**

**परिचयः** नगरपालिकालाई पोषण मैत्री पालिका घोषणाको आधार तयार गर्न पालिकामा भइरहेको बालविवाहलाई न्युनिकरण गरि मातृ तथा बाल पोषणको अवस्थामा सुधार ल्याउन यस कार्यक्रम संचालन गर्न जरुरी रहेको छ। यस कार्यक्रमलाई उच्च बाल विवाह भएको समुदायको छनोट गरी सरोकारवालाको सहभागितामा यो कार्यक्रम संचालन गर्नुपर्ने छ । यस कार्यक्रमले बाल विवाहको न्युनिकरण हुनुका साथै बाल तथा मातृ पोषणमा सुधार गर्ने उद्देश्यले यी क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन ।

* समुदायमा बालविवाह न्युनिकरण हुनेछ ।

* सरोकारवालाहरुलाई बालविवाहले हुने स्वास्थ्य सम्बन्धि समस्याको बारेमा जानकारी भएको हुनेछ।

* मातृ तथा बाल पोषण सुधार भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** समुदायमा बाल विवाहमा कमी आई मातृ तथा बाल पोषणमा सुधार भइ मातृ तथा बाल मृत्यु दरमा कमी आउनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा र सम्बन्धित वडा कार्यालयहरुसंगको सहकार्यमा महिला तथा बालबालिका शाखा कार्यालय गौर नपा कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः**

* कार्यक्रम संचालन गर्नको लागि सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा प्रमुखको नेतृत्वमा बालविवाह संग समेटिएको तालिम म्यानुल तयार पार्ने ।

* पछाडी परेको समुदायमा यस कार्यक्रमको आयोजना गरी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

* कार्यक्रमसँग सम्बन्धी प्रतिवेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत वार्षिक कार्य योजना उल्लेख गरिएको छ।

**क्रियाकलाप न. १२ः कृषक समूह गठन घरायसी खाधान उत्पादन सम्बन्धि १ दिने तालिम पोषिलो तरकारीको मिनीकिट बिउ वितरण**

**परिचयः** सुनौला हजार दिनको घरपरिवारमा दैनिक रुपमा मौसम अनुसारका हरियो तरकारीको उपभोग बढ़ाई पोषणको अवस्था सुधार गर्न जरुरी छ। बजार सेवाको पहुँच नभएकोले दैनिक रुपमा तरकारी उपभोग हुन सकेको छैन। यसै अवस्थालाई मध्यनजर गरी सुनौला हजार दिन घरपरिवारमा करेसाबारी निर्माणका लागि स्थलगत तालिम र मिनिकिट वितरण गरी वर्ष भरी नै मौषम अनुसारको तरकारी उत्पादन गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** एक घर एक करेसाबारी क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई करेसाबारी निर्माण र व्यवस्थापनका लागि स्थलगत तालिम प्रदान गर्ने ।
* एक घर, एक करेसाबारी अभियान सन्चालन गरी दैनिक आवश्यक पर्ने तरकारीको उपयोग वृद्धि गरी पोषणको अवस्थामा सुधार ल्याउने ।
* वर्ष भरी नै तरकारी उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।
* पोषण संवेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने
* पिछिडीएको समुदायका सुनौला हजार दिनका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने

**अपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिबारमा दैनिक रुपमा मौसम अनुसारका हरियो तरकारीको उपभोग बढाई पोषणको अवस्था सुधार ल्याउने र समुदायमा पोषण संवेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संवेदनशिल सेवाको पहुँचमा ल्याई समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ

**कार्यान्वयन गर्न निकायः** गौर नपा र सम्वन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा कृषि विकास शाखा गौर नपा कार्यालय, रौतहट ।

**संचालन प्रकृयाः**

* कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको कृषि शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समावेस गर्ने विषयवस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
* बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्यांक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने।
* सुनौलो हजार दिनको तथ्याँक अनुसार आवश्यक पर्ने सिजन अनुसारको विउका लागि विक्रेता छनौट गरी आपूर्ति गर्ने
* तरकारीको किट वितरण गर्दा सुनौलो हजार दिनका आमाहरुको समुह बनाई वितरण गर्ने ।
* सुनौलो हजार दिनका ५५० घरपरिवारलाई तरकारीको किट वितरण गर्ने ।

* स्थलगत अभिमुखिकरण पश्चात तरकारीको किट वितरण गर्ने ।

* स्थलगत अभिमुखीकरणमा तरकारी रोप्ने,व्याड बनाउने, वेर्ना तयारी र तरकारीको उपभोग, महत्वका साथै पोषणको वारेमा आमाहरुलाई परामर्श गर्ने। सकिन्छ भने कुनै एउटाको घरमा बिउको व्याड निर्माण प्रयोगात्मक अभ्यास  गराउने। परार्मश पछि सहभागिहरुलाई करेसाबारीको लागि मिनि किट वितरण गर्ने ।

* समुहमा अगुवा किसानको छनौट गरी करेसावारी सम्बन्धि थप सहयोग र सहजीकरणका साथै अनुगमनको जिम्मेवारी दिने ।

* कृषि शाखावाट नियमित रुपमा करेसाबारी र तरकारी उपभोगसम्बन्धी अनुगमन गर्ने।

* बिउ वितरणको भरपाईको रेकर्ड गर्नुपर्ने छ।

* कार्यक्रमसँग सम्बन्धी प्रतिवेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. ६ लाख ५५ हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत आर्थिक कार्ययोजना उल्लेख गरिएको छ ।

**अभिलेख तथा प्रतिवेदनः** सम्बन्धित स्थानीय तहको कृषि विज्ञान शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**<u>क्रियाकलाप नं १३ः सुनौलो १००० दिनका घरपरिवारलाई कुखुराका चल्ला तथा खोर सहयोग (५ वटाका दरले)</u>**

**परिचयः** सुनौला हजार दिनको घरपरिवारका दैनिकरुपमा पशुपन्छी जन्य श्रोतको परिपुर्ती र यसको उपभोग दर बढाई पोषणको अवस्था सुधार गर्न जरुरी छ। बजार सेवाको पहुंच नभएकोले दैनिक रुपमा अण्डा मासु लगायत पशुपन्छी जन्य बस्तुको उपभोग हुन सकेको छैन। यसै अवस्थालाई मध्यनजर गरी सुनौला हजार दिनका घरपरिवारमा कुखुराको चल्ला बितरण गरी अण्डा र मासु उत्पादन गर्ने उद्देश्यले क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः**

* सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई कुखुराको खोरहरु तयार गर्ने र व्यवस्थापनका लागि स्थलगत तालिम प्रदान गर्ने ।
* एक घर, एक कुखुरा खोर अभियान सन्चालन गरी दैनिक आवश्यक पर्ने पशुपन्छी श्रोतको उपयोग बृद्धि गरी पोषणको अवस्थामा सुधार ल्याउने ।

* वर्ष भरी नै अण्डा र मासुको उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।
* पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने

* पिछडिएको समुदायका सुनौला हजार दिनका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा पशुपन्छीजन्य खानाको आवश्यक्ता अनुसार उपभोग बढ़ाई पोषणको अवस्था सुधार ल्याउने र समुदायमा पोषण संवेदनशिल अभियान तथा कियाकलापहरुको प्रभावकारी कार्यन्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुँचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा पशु विकास शाखा गौर नपा कार्यालय, रौतहट ।

**संचालन प्रकृयाः**

* कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित स्थानीय तहको पशु शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिमगा समावेस गर्ने विषयवस्तु विधि र प्रकिया समेटिएको तालिम म्यानुल तयार पार्ने ।

* बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वडाका सुनौला हजार दिनको घरपरिवारको तथ्यांक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने ।

* सुनौलो हजार दिनको तथ्यांक अनुसार कुखुराका चल्ला विक्रि गर्ने व्यवसायिक फर्मको छनौट गरी आपूर्ति गर्ने।
* कुखुराका चल्ला वितरण गर्दा सुनौलो हजार दिनका आमाहरुको समुह बनाई वितरण गर्ने ।
* सुनौलो हजार दिनका ५०० घरपरिवारलाई कुखुराका चल्ला वितरण गर्ने ।
* पशु शाखाबाट नियमित रुपमा पशुपन्छीजन्य खानाको उपभोग सम्बन्धी अनुगमन गर्ने ।
* कार्यक्रमसँग सम्बन्धी प्रतिवेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट वाडफाँडः** यस कार्यकमको लागि रु ९ लाख १० हजार बजेटको व्यवस्था गरिएको छ । बजेटको विस्तृत वार्षिक कार्ययोजना उल्लेख गरीएको छ ।

**<u>क्रियाकलाप नं. १४ आमा समुहको बैठकमा स्वास्थ्य घरायसी खाध्यान उत्पादन पूर्ण सरसफाई तथा पोषणको महत्व सम्वन्धि अन्तरक्रिया कार्यक्रम</u>**

**परिचयः** सुनौला हजार दिनका महिलाहरुको सहभागितामा आफ्नो घर तथा समुदायमा पाईने स्थानीय रैथाने खाध्यान बालीको अधिकतम प्रयोग बढ़ाई बजारिया खानाको प्रयोगमा कमी ल्याई आमा बालबालिका किशोरकिशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन आमा समुहको बैठकमा छलफल तथा अन्तरक्रिया गरी रैथाने बालीको उपभोग बढ़ाई पोषणको अवस्था सुधार गर्न जरुरी छ। बजार सेवाको पहुच समुदायमा बढेको र समुदायमा बस्ने व्यक्तिहरु चाउचाउ चाउमिन, विस्कुट जस्ता अखाध्य बस्तुको प्रयोग बढ्दो अवस्थालाई मध्यनजर गर्दै यस कार्यकमले आफैले उत्पादन गरेका खाध्य बस्तुको प्रयोगले सुनौला हजार दिनका घरपरिवारमा पोषण व्यवहार परिवर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः**
* सुनौला हजार दिनका घरपरिवारका सदस्यहरु स्थानीय खाध्यान्न बालीको समुचित उपभोग बारे चेतना अभिवृद्धी गराउने

* पसलमा पाईने पशु तथा अखाध्य खानाको सेवनमा कमी हुने ।

* स्थानिय खाध्य बस्तुको उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।

* पोषण संवेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने

* समुदायका सुनौला हजार दिलका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने ।

* पोषण संगै सरसफाई प्रवर्धन भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा स्थानिय खाध्यान्न बालीको उपभोग बढाई पोषणको अबस्था सुधार ल्याउने र समुदायमा पोषण संवेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संवेदनशिल सेवाको पहुंच ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ।

**कार्यान्वयन गर्ने निकायः** गौर न पा र सम्बन्धित या कार्यालयहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा गौर नगरपालिकाको कार्यालय गौर,रौतहट ।

**संचालन प्रकृयाः**

* कार्यक्रम संचालन गर्नको लागि सम्वन्धित स्थानीय तहको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु र शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समावेस गर्ने विषयवस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने
* बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वडाका सुनौला हजार दिनको घरपरिवारको तथ्याङ्क स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने।
* कार्यक्रमसँग सम्बन्धि प्रतिवेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत वार्षिक कार्ययोजना उल्लेख गरिएको छ ।

**अभिलेख तथा प्रतिवेदनः** सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाले यस कार्यकम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धि प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं. १५ः पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई पोषण मैत्री पालिका घोषणा सम्बन्धी अभिमुखिकरण**

**परिचयः** गौर नगरपालिकालाई पोषण मैत्री पालिका घोषणा गरी नगरलाई स्वास्थ्य र समृद्ध नगरपालिका बनाउन पोषण क्षेत्रमा सुधार गरी आमा, बालबालिका, किशोरकिशोरीहरुको पोषण अवस्था सुधार ल्याई विधमान अवस्थामा रहेको कम तौल, कम उचाई, ख्याउटेपना र रक्तअल्पतालाई वर्तमान अवस्थालाई कमी ल्याउन आवश्यक निति नियमा बजेट व्यवस्थापन र पोषण मैत्री पालिका बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न मार्ग निर्देशन गर्न समुदाय स्तरका कार्यक्रमको प्रभाकारिता अनुगमन मुल्यांकन तथा आवश्यक पृष्ट पोषण प्रदान गर्न यस कार्यक्रमको जरुरी छ। पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई पोषणको महत्व र बहुक्षेत्रिय समन्वयको बारेमा जानकारी दिई पालिका भर तोकिएको टोलमा यो कार्यक्रमलाई प्रभाकरी रुपमा संचालन गर्न यो कियाकलाप आवश्यक रहेको छ।

**उद्देश्यः** यस कार्यकमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुले पोषणको महत्व र बहुक्षेत्रिय समन्वय बारे जानकारी पाउने छन।
* पालिकालाई पोषण मैत्री पालिका बनाउन बहुक्षेत्रिय पोषण कार्यक्रम विस्तार गर्न सहजता आउनेछ ।
* पोषण विशेष अभियान तथा क्रियाकलापको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
* लोपउन्मुख र पिछडिएको समुदायको पोषण अवस्थामा सुधार ल्याउने ।

**अपेक्षित प्रतिफलः** महिला वालवालिका किशोरकिशोरीको पोषण अवस्थामा सुधार ल्याई टोल वडा हुदै पालिका पोषण मैत्री हुने र समग्र स्वास्थ्य अवस्थामा सुधार आएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको पोषण स्वयंसेवक र स्वास्थ्य शाखा गौर ।

**सञ्चालन प्रकृयाः** नगर प्रमुखको संयोजकत्वमा रहेको पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका सदस्यहरुको सहभागितामा अभिमुखिकरण कार्यकम गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख ७३ हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाँडफाँड गर्न सकिनेछ ।

**<u>क्रियाकलाप नं. १६. स्थानीय एफ एम बाट पोषण सम्बन्धि जिङ्गल प्रसारण तथा संचारकर्मीहरुलाई पोषण कार्यक्रम बारे अभिमुखिकरण ।</u>**

**परिचयः** गौर नगरपालिका क्षेत्र भित्र बालविवाह न्यूनिकरण गरी किशोरी अवस्थामा हुने गर्भधारण रोक्न र किशोर किशोरीलाई नै परिचालन गरी बालविवाह न्यूनिकरण पोषण युक्त खानाको प्रयोग, स्थानीय रैथाने बालिको प्रयोग, हरेकबार खाना चार र बालबालिकाको नियमित वृद्धि अनुगमन गर्न सन्देश प्रशारण गर्न र संचारकर्मीहरुलाई पोषण अवस्थाबारे जानकारी दिन यो कार्यक्रमको आवश्यक छ। स्थानीय एफ एम हरुबाट स्थानिय भाषामा जिङ्गल तयार गरी प्रसारण गर्नका लागि यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यस क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* समुदायमा पोषण सम्बन्धि सन्देश प्रसारण हुनेछ ।

* पोषणका बारेमा संचारकर्मीहरु जानकार हुने छन ।

* स्थानिय भाषामा पोषण संग सम्बन्धित जिङ्गल तयार भइ नियमित प्रसारण भएको हुनेछ ।

**अपेक्षित प्रतिफल** पोषण सुधारको लागि समुदायमा सुचना प्रवाह भई खानामा खाध्य विविधता भइ पोषणको स्थानमा सुधार आउन सहयोग पुग्ने छ । २ बर्ष मुनिका बालबालिकाहरुको नियमित वृद्धि अनुगमन भई बालबालिकामा हुने कुपोषणमा कमी आउने छ।
**कार्यान्वयन गर्ने निकायः** गौर नपा समाजिक विकास शाखाको समन्वयमा सम्बन्धित संचारकर्मी र स्थानीय रेडियोहरुको सहभागितामा क्रियाकलाप कार्यान्वयन हुने छ ।

**संचालन प्रकृयाः** कार्यक्रमको फोकल व्यक्तीले संचारकर्मीहरु संग समन्वय गरी पालिका स्तरमा क्रियाकलाप गर्ने । अभिमुखीकरण कार्यकम एक पटक पालिकामा तयार गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. ३ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ।बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाँडफाँड गर्न सकिनेछ ।

**<u>क्रियाकलाप नं १७. सासु बुहारी अन्तरक्रिया कार्यक्रम तथा सम्मान कार्यक्रम ।</u>**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यसका चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यकताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सासु बुहारी अन्तरक्रिया कार्यक्रम पोषणमैत्री स्थानीय शासनको अवधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.व. भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन् ।

* सासु बुहारी अन्तरक्रिया कार्यक्रमले सुनौला १००० दिनका आमाहरुको कार्यबोझ न्युनिकरण भई बालबालिकाको पोषण स्थितीमा सुधार हुनेछ ।
* पोषण मैत्री स्थानीय शासनका बारेमा समुदायमा रहेका व्यक्तीहरुको जानकारी लिई विधि, प्रक्रिया र सुचकका बारेमा वडा समिति र सरोकारवालालाई जानकारी गराउने ।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री पालिका बनाउन यस कार्यक्रमले महत्वपूर्ण भुमिका खेली मातृ तथा बाल पोषणमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र महिला तथा बालबालिका शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**
* अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम विषयवस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा कार्यकम गर्ने

* यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा संचालन हुनेछ बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।

* सो अभिमुखिकरणले तय गरेका सूचक र न्यूनतम प्राप्ती गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यकमको लागि रु.१० लाख बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**<u>क्रियाकलाप नं. १८ स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम</u>**

**परिचयः** पोषणमैत्री स्थानीय तह घोषणाका लागि आधार तयार गर्न एक महत्वपुर्ण कार्यक्रमको रुपमा यो कार्यक्रम संचालन गर्न जरुरी देखिएको छ। पालिकाका ९ वटा वडाहरुमा रहेका २ वर्षमुनिका बालबालिकाहरु मध्ये स्वस्थ बालवालिकाको छनोट गर्ने र समुदायमा सकारात्मक तथा स्वच्छ प्रतिस्पर्धा गराई समग्ररुपमा बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन सहयोग भई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.व. भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यो कार्यक्रमको उद्देश्यहरु निम्न रहेका छन् ।
* वडा तथा टोलहरुमा रहेका २ बर्ष मुनिका बालबालिकाहरु बिच प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने र बालबालिकाका आमाहरुलाई पोषिलो खानाको बारेमा जानकारी दिई पोषणयुक्त खानपानको बारेमा जानकारी पाउने छन् ।
* बालबालिकाको नियमित वृद्धि अनुगमन बढाउने ।
* पोषणमैत्री वडा घोषणाको लागि थप सहयोग पुग्ने ।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री पालिका घोषणाका लागि सबै वडाहरुमा यो कार्यक्रम संचालन भई सुनौला १००० दिनका आमाहरुमा सकारात्मक परिवर्तन आएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाहरु र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वियन हुने

**सञ्चालन प्रकृयाः**

* कार्यक्रमको बारेमा आमा समुहमा यस कार्यक्रमको बारेमा व्यापक छलफल भई प्रचार प्रसार गर्ने ।
* यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टै रुपमा सञ्चालन हुनेछ। वडा तथा समुदाय स्तरमा यस कार्यक्रमले स्वस्थ बच्चा र स्वस्थ आमाको अवधारणामा समुदायमा रहेका सम्पूर्ण सुनौलो १००० दिनका आमाहरुले बालबालिकाको स्वास्थ्यको लागि आ- आफ्नो भुमिका, काम र जिम्मेबारीका साथै प्रतिबद्धताका बारे छलफल गर्ने ।
* स्वस्थ बालक तथा बालिकालाई सम्मान गर्ने र अन्य बालवालिकाको आमाहरुलाई आगामी दिनहरुमा पुरस्कृत हुन अभिप्रेरित गर्ने ।
* नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम लक्ष्यका बारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. १ लाख बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ।

**<u>क्रियाकलाप नं. १९: वडा स्तरिय बाल कल्बका सदस्यहरुलाई पोषण मैत्री पालिका तथा स्वास्थ्य सम्बन्धि तालिम कार्यक्रम</u>**

**परिचयः** पोपणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक प्राप्त गर्न स्वास्थ्य, शिक्षा कृषि, पशु सेवा, महिला तथा बालबालिका शुसासन क्षेत्र लगायतमा संलग्न व्यक्ती समुहले मात्र नसकिने यसमा सरोकारवाला सबैको आ-आफनो तहबाट सहयोग गर्न जरुरी भएकोले वडा स्तरिय बाल क्लबहरुका पदाधिकारी तथा सदस्यहरुलाई पोषण मैत्री पालिकाको अवधारणा सम्बन्धमा बुझाउन र यस महा अभियानमा एक्यबद्धता गराउन तालिम दिन जरुरी छ वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.व. भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उदेश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन्।

* पोषण मैत्री स्थानीय शासनका विधि,प्रक्रिया र सूचकका साथै न्यूनतम लक्ष्यका बारेमा वडा स्तरीय बाल क्लबलाई जानकारी गराउने ।
* पोषण मैत्री स्थानीय शासनका बिधि,प्रक्रिया र सूचकका बारेमा वडा सरोकारवालालाई जानकारी गराउने ।
* पोषण मैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित बाल क्लबलाई परिचालन गर्ने ।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय शासन अन्तर्गत विभिन्न अभियानहरु संचालन अन्तर्गत बाल क्लबहरु परिचालन भई पोषण मैत्री वडा घोषणामा सहयोग भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वियन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

* अभिमुखीकरण कार्यक्रम विषयगत शाखामा कार्यरत कर्मचारीहरुको सहभागितामा तालिमको विषयवस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिमको एजेण्डा तयार गर्ने।
* यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा संचालन हुनेछ। अभिमुखीकरणमा पोषण, स्वास्थ्य, सरोकारवालाहरुको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताका बारे छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. ३ लाख ३० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाँडफाड गर्न सकिने छ ।

**<u>क्रियाकलाप नं. २०: पोषण उन्मुख नमुना टोलको खानेपानीको गुणस्तर परिक्षण कार्यक्रम</u>**

**परिचयः** पोषण स्थितीलाई सुधार गर्न शुद्ध खानेपानीको महत्वपूर्ण भुमिका हुने भएकोले पोषणमैत्री स्थानीय तहको अवधारणा सुचकहरु प्राप्त गर्न पोषण मैत्री टोल बनाउनका लागि समुदायमा प्रयोग गरिरहेको खानेपानीको गुणस्तर जाँच गरी शुद्ध खानेपानीको उपलब्धता सुनिश्चित गर्न यस कार्यक्रमको जरुरी छ ।

**उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु निम्न रहेका छन् ।

* समुदायमा शुद्ध खानेपानीको उपलब्धता भएको छ ।
* पोषण मैत्री स्थानीय तहका लागि सहयोग पुग्नेछ ।
* पोषणमैत्री वडा घोषणाको लागि सहयोग पुग्नेछ ।

**अपेक्षित प्रतिफलः** समुदायमा खानेपानीको उपलब्धता भई पानी जन्यरोगमा कमी आई सुनौला १००० दिनका आमा बालबालिकाहरुको पोषण स्थितीमा सुधार भएको हुनेछ ।
**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र खानेपानी सरसफाई शाखाबाट यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

* खानेपानीको परिक्षण गर्नका लागि मुहान, धारा र घरमा भएको पानीको नमुना संकलन गरी पालिकामा रहेको पानी परिक्षण ल्याबमा ल्याई पानीको जाँच गर्ने।
* पानिको गुणस्तरको अवस्था बारे समुदायलाई जानकारी गर्ने ।
* खानेपानी दुषित भएमा शुद्धिकरणका लागि चाहिने क्लोरिनको प्रयोग र अन्य विधीवाट पानी शुद्धिकरण गरी सुरक्षित पानी उपलब्ध गराउने ।
* शुद्ध खानेपानी तथा सरसफाईको बारेमा अन्तरक्रिया तथा समुदायलाई प्रतिवद्धता गराउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. १ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**<u>क्रियाकलाप नं २१: पोषण सम्बन्धी होडिङ्ग बोर्ड भित्ते लेखन</u>**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अबधारणा सुचक र यसका चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आव भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो कियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन् ।

* समुदायमा रहेको चौतारी धेरै व्यक्तीहरु जम्मा हुने स्थानहरूमा पोषण सम्बन्धी सुचना व्यवहारहरुको सूचना प्रबाह गर्ने ।
* समुदायमा रहेका व्यक्तीहरुले पोषण मैत्री पालिका गाउँ तथा टोलहरुको अवधारणा बारे जानकारी सन्देश प्रदान गर्नु ।

**अपेक्षित प्रतिफलः** पोषणमैत्री पालिका वडा र टोलहरु घोषणाका लागि समुदायमा सूचना पुर्याउन सहज भएको हुने छ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

* नगरपालिकाका विषयगत शाखाहरुबाट पोषण मैत्री पालिकाका सूचक तथा सुचनाहरु चार्टलाई उपलब्ध गराई भित्ते लेखन तथा होर्डिङ्ग बोर्डहरु पालिकाका महत्वपूर्ण स्थानहरुमा राख्ने ।
* नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचकहरुको होर्डिङ बोर्ड तयार गरी वडा कार्यालय स्वास्थ्य संस्था बजार क्षेत्रमा राख्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. २ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ।

**<u>कियाकलाप नं. २२ः किशोरीहरुलाई आईरन फोलिक वितरण तथा विद्यालय स्वास्थ्य कार्यक्रम बारे विद्यालय नर्स स्वास्थ्य शिक्षक र प्र.अ.हरुलाई अभिमुखिकरण कार्यक्रम</u>**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सूचक र यस्को चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। किशोरीहरुमा हुने रक्तअलपतामा कमी ल्याउन र हाल विद्यालमा वितरण हुदै आएको आईरन चक्कीलाई थप व्यवस्थित र नियमित आईरन चक्की खाने दरमा वृद्धि गराउन र सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ। वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.व. भित्र नै वडा घोषणा गर्न सजिलो होस भने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** किशोरीहरुलाई आईरन फोलिक वितरण तथा विधालय स्वास्थ्य कार्यक्रमबारे विधालय नर्स स्वास्थ्य शिक्षक र प्र.अ.हरुलाई अभिमुखिकरण कार्यक्रमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* पालिकामा रहेका सम्पूर्ण विधालयका प्रधानाध्यापक स्वास्थ्य विषय पढाउने शिक्षक र विद्यालय नर्स भएका विद्यालय नर्सहरूले आइरन चक्की वितरण कार्यक्रमको सरोकारबालाहरुको अपनत्वमा वृद्धि हुने ।

* किशोरीहरुले नियमित रुपमा आईरन चक्की खाने संख्यामा वृद्धि हुनेछ ।
* किशोरीमा हुने रक्तअल्पतामा कमी हुनेछ ।
* किशोरीहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** किशोरीहरुमा हुने रक्तअल्पतामा उल्लेख्य कमी आई पोषण मैत्री पालिका घोषणा भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा पालिका स्तरमा विद्यालयको सहकार्यमा शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाईमा सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**

* अभिमुखीकरण तालिमको विषयवस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने ।
* यो क्रियाकलाप नगरपालिका विद्यालयहरुबाट प्र.अ., स्वास्थ्य शिक्षक र विद्यालय नर्सको उपस्थितिमा पालिका तहमा समुह समुहमा छुट्टा छुट्टैरुपमा संचालन हुनेछ ।
* पोषण मैत्री स्थानीय शासन अबलम्बन र किशोरीहरुको आईरन चक्कीको महत्व र यसले पोषण स्थिती सुधारमा पुराउने सहयोगको बारेमा अभिमुखिकरण गर्ने। यस्तो अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएकी व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।
* नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि अभिमुखिकरणले तय गरेका सूचक र न्यूनतम लक्ष्यका बारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यकमको लागि रु. ५ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**<u>क्रियाकलाप नं २३ सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुमा स्वास्थ्यलाई लिएर रहेको गलत व्यवहार सुधारका लागि जनचेतनामूलक कार्यक्रम।</u>**

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि संचालित एउटा महत्वपूर्ण कार्यकम हो। यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि विभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । यो कार्यक्रम मधेश प्रदेशका सबै जिल्लाहरुमा कार्यान्वयनमा रहेको छ स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषण सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको सकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रबाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र वर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरी हरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो। यो क्रियाकलाप गौर नगरपालिकाको तोकिएका बडाहरुमा चालु आ.व २०८२।८३ मा सन्चालन हुनेछ ।

उद्देश्यः सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुमा स्वास्थ्यलाई लिएर रहेको गलत व्यवहार सुधारका लागि जनचेतनामूलक कार्यक्रमको उद्देश्य निम्न रहेको छ ।

* महिला तथा बालबालिकाहरुमा स्वास्थ्यलाई लिएर रहेको गलत व्यवहार सुधार हुने ।

* कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गरी क्षमता विकास गर्ने र व्यवहार सुधार गरि पोषिलो खाना खान प्रति प्रोत्साहित गर्ने ।

* पिछडिएको क्षेत्र र समुदायको पहिचान गरी सो मा पोषण सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने ।

**अपेक्षित प्रतिफलः** सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुमा स्वास्थ्यलाई लिएर रहेको गलत व्यवहार सुधारका लागि जनचेतनामूलक कार्यक्रम मार्फत गुणस्तरीयतामा तथा व्यवहारमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नगरपालिका सामाजिक विकास शाखासंगको प्रमुख समन्वयमा सम्बन्धित स्थानीय तहका अन्य शाखाहरु र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा गौर नगरपालिकाको कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः** गौर नपाको सबै वडामा यो क्रियाकलाप कार्यान्वयन हुनेछ। यस कियाकलाप अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन हुनेछन। पोषण सहजकर्ता, स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिवार सहजीकरणमा समुह गठन गरिने छ । यरका लागि

* सुनौलो हजार दिनका महिला र घरपरिवारको तोकिएको ढाँचामा विवरण संकलन गर्ने ।

* वडा समितिको सहभागितामा समुह गठन गर्ने ।

* समुह सदस्यहरुलाई समुहको उद्देश्य र जिम्मेवारीका बारेमा अभिमुखिकरण गर्ने ।

* समुदायमा संचालन हुने पोषण विभिन्न अभियानमा समुहलाई परिचालन गर्ने ।।
* महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत परिवारका सदस्य तथा आमाहरुलाई मुआक मार्फत आ आफ्नो बालबालिकाहरुलाई पोषण लेखाजोखा गर्नको लागि ज्ञान सीप अभिवृद्धि गर्ने र समुदाय स्तरमा स्वस्थ बच्चा र आमाको प्रतिस्पर्धाको आयोजना गर्ने

* वडा र बस्ती तहमा गठन भएका सुनौला हजार दिनका आमा र किशोरी समुहहरुको प्रतिनिधित्व हुने गरी पालिका स्तरीय समुह संजाल गठन गर्ने ।

* समुह सदस्य र सञ्जालहरुका सदस्यहरुको विवरण अध्यावधि गर्ने।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १० लाख बजेटको व्यवस्था गरिएको छ। पालिका र वडा स्तरमा सञ्चालन हुने कियाकलापहरुको लागि आवश्यक वजेटको विस्तृत विवरण बजेट बाँडफाडमा उल्लेख गरिएको छ।

**सन्दर्भ सामाग्रीः** बृहत पोषण प्याकेज तालिम पुस्तिका र फिलिप पार्ट, आईमाम निर्देशिका, पोषण मैत्री स्वास्थ्य संस्था घोषणा निर्देशिका २०७९ र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका ।

**अनुगमनः** सम्बन्धित स्थानीय तह, स्वास्थ्य सेवा कार्यालयले कार्यक्रम कार्यान्वय अबधि र पश्चात अनुगमन तथा सुपरिवेक्षण गर्ने छ ।

**क्रियाकलाप नं. २४: किशोरीहरुलाई महिनावारी स्वच्छता सम्बन्धि तालिम तथा वडा स्तरीय स्यानेटरी प्याड वितरण कार्यक्रम।**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सूचक र यस्को चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। किशोरीहरुमा हुने महिनावारीलाई स्वच्छ राख्न र कुनै किसिमको स्वास्थ्य समस्या नआउन दिने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** : किशोरीहरुलाई महिनावारी स्वक्षता सम्बन्धि तालिम तथा वडा स्तरीय स्यानेटरी प्याड वितरण कार्यक्रमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* किशोरीहरुले नियमित रुपमा महिनावारी हुदा स्यानेटरी प्याडको प्रयोगले स्वास्थ्यमा सकरात्मक सुधार आउनेछ ।
* किशोरीमा हुने रक्तअल्पतामा कमी हुनेछ ।
* किशोरीहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** किशोरीहरुमा महिनावारी स्वक्षता सम्बन्धि तालिम तथा वडा स्तरीय स्यानेटरी प्याड वितरण पश्चात पोषण मैत्री पालिका घोषणा भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा पालिका स्तरमा विद्यालयको सहकार्यमा शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाईमा सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**

* किशोरीहरुलाई महिनावारी स्वक्षता सम्बन्धि तालिम तथा वडा स्तरीय स्यानेटरी प्याड वितरण कार्यक्रम प्रत्येक वडामा गर्ने यसले पोषण स्थिती सुधार पुराउने सहयोगको बारेमा अभिमुखिकरण गर्ने। यस्तो अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएकी व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।

**बजेट बाडफाँडः** यस कार्यकमको लागि रु. ९ लाख ९० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. २५: विध्यालय छोडेका किशोरीहरुलाई कुपोषण पोषण महिनावारी बालविवाह यौन स्वास्थ्य सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम।**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सूचक र यस्को चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। विध्यालय छोडेका किशोरीहरुलाई कुपोषण पोषण महिनावारी बालविवाह यौन स्वास्थ्य सम्बन्धि आवश्यक जानकारी प्राप्त गरुन भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** बिधालय छोडेका किशोरीहरुलाई कुपोषण पोषण महिनावारी बालविवाह यौन स्वास्थ्य सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* विध्यालय छोडेका किशोरीहरुले नियमित रुपमा २ दिने अभिमुखिकरण कार्यक्रम पश्चात समबन्धित विषयवस्तु माथि विस्तृत जानकारी प्राप्त गर्नेछन ।
* किशोरीमा हुने कुपोषणको मात्रामा कमी हुनेछ ।

* किशोरीहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ ।

**अपेक्षित प्रतिफलः** विधालय छोडेका किशोरीहरुलाई कुपोषण पोषण महिनावारी बालविवाह यौन स्वास्थ्य सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रमका पश्चात पोषण मैत्री पालिका घोषणा गर्न सहजता ल्याउनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा पालिका स्तरमा विद्यालयको सहकार्यमा शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाईमा अन्य शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**

* विध्यालय छोडेका किशोरीहरुलाई कुपोषण पोषण महिनावारी बालविवाह यौन स्वास्थ्य सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम पालिका स्तरीय हुनेछ ।
* अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएकी व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।

**बजेट बाडफाँडः** यस कार्यकमको लागि रु. २ लाख ६० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**<u>कियाकलाप नं. २६ः स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण स्तनपान सम्बन्धि आमा समूहको बैठकमा कसरी प्रस्तुत गर्ने बिषय सम्बन्धि तथा स्वंयसेविकाहरुको प्रस्तुतिकरण सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम।</u>**

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सूचक र यस्को चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ। स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण सम्बन्धि आवश्यक जानकारी प्राप्त गरुन र मासिक रुपमा आफुले संचालन गर्ने आमा समूहको बैठकमा यस बारे कसरी प्रस्तुतीकरण गर्ने बारेमा पनि जानकारी प्राप्त गरुण भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः** : स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण स्तनपान सम्बन्धि आमा समूहको बैठकमा कसरी प्रस्तुत गर्ने बिषय सम्बन्धि अभिमुखिकरण कार्यक्रमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

* स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण स्तनपान सम्बन्धि आमा समूहको बैठकमा कसरी प्रस्तुत गर्ने बिषय सम्बन्धि अभिमुखिकरण प्राप्त गरे पछि आमा समूहको बैठकमा आमाहरुलाई पनि विषयवस्तु सम्बन्धि राम्ररी जानकारी प्राप्त गर्ने र गराउनेछन ।

**अपेक्षित प्रतिफलः** स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण स्तनपान सम्बन्धि आमा समूहको बैठकमा कसरी प्रस्तुत गर्ने बिषय सम्बन्धि अभिमुखिकरण कार्यक्रमका पश्चात पोषण मैत्री पालिका घोषणा गर्न सहजता ल्याउनेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा पालिका तथा स्वास्थ्य शाखाको अगुवाईमा अन्य शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**संचालन प्रकृयाः**

* स्वास्थ्य स्यवंसेविकाहरुलाई पोषण कुपोषण स्तनपान सम्बन्धि आमा समूहको बैठकमा कसरी प्रस्तुत गर्ने बिषय सम्बन्धि अभिमुखिकरण कार्यक्रम पालिका स्तरी हुनेछ ।
* अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएकी व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।

**बजेट बाडफाँडः** यस कार्यकमको लागि रु. १ लाख ७० हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं २७ सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्या सम्बन्धि वडा स्तरीय मनोपरामर्श कार्यक्रम।**

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि संचालित एउटा महत्वपूर्ण कार्यकम हो। यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि विभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । यो कार्यकम मधेश प्रदेशका सबै जिल्लाहरुमा कार्यान्वयनमा रहेको छ । स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषण सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको सकुचनका कारण समुदायमा रहेका सुनौला हजार दिनका सबै घरपरिवारहरुलाई सेवा प्रबाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र वर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरी हरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो। यो क्रियाकलाप गौर नगरपालिकाको तोकिएका वडाहरुमा चालु आ.व २०८२।८३ मा सन्चालन हुनेछ ।

उद्देश्यः सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्या सम्बन्धि वडा स्तरीय मनोपरामर्श कार्यक्रमको उद्देश्य निम्न रहेको छ ।

* सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्याबाट कसरी बाहिर निस्कन सकिन्छ भन्ने कुराको जानकारी प्राप्त गराउने ।महिला तथा बालबालिकाहरुमा स्वास्थ्यलाई लिएर रहेको गलत व्यवहार सुधार हुने ।

* कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गरी सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्याबाट जोगाउन घरका अरु सदस्यले पनि सहयोग गर्न प्रोत्साहित गर्ने ।

* पिछडिएको क्षेत्र र समुदायको पहिचान गरी सो मा सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्याबाट पोषणमा पर्न सक्ने असर सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने ।

**अपेक्षित प्रतिफलः** सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्याबाट कसरी बाहिर निस्कन सकिन्छ भन्ने कुराको जानकारी प्राप्त गर्ने छन।महिला तथा बालबालिकाहरुमा स्वास्थ्य सुधार हुनेछ ।

* कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि भई सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्याबाट जोगाउन घरका अरु सदस्यले पनि सहयोग गर्न प्रोत्साहित हुनेछन।

**कार्यान्वयन गर्ने निकायः** गौर नगरपालिका सामाजिक विकास शाखासंगको प्रमुख समन्वयमा सम्बन्धित स्थानीय तहका अन्य शाखाहरुको सहकार्यमा गौर नगरपालिकाको कार्यालय रौतहट ।

**सञ्चालन प्रकृयाः** गौर नपाको सबै वडामा यो क्रियाकलाप कार्यान्वयन हुनेछ। यस कियाकलाप अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन हुनेछन। पोषण सहजकर्ता सहजीकरणमा गरिने छ ।

* सुनौला हजार दिनका महिला र घरपरिवारको तोकिएको ढाँचामा विवरण संकलन गर्ने ।
* वडा समितिको सहभागितामा समुह गठन गर्ने ।
* समुह सदस्यहरुलाई समुहको उद्देश्य र जिम्मेवारीका बारेमा अभिमुखिकरण गर्ने ।
* मनोसामाजिक परामर्शकर्ताद्वारा सुनौलो हजार दिन भित्रका आमाहरुलाई सुत्केरी भएपछि हुने मानसिक समस्या सम्बन्धि वडा स्तरीय अभिमुखिकरण कार्य संचालन गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ११ लाख २५ हजार बजेटको व्यवस्था गरिएको छ। पालिका र वडा स्तरमा सञ्चालन हुने कियाकलापहरुको लागि आवश्यक वजेटको विस्तृत विवरण बजेट बाँडफाडमा उल्लेख गरिएको ब।

**सन्दर्भ सामाग्रीः** बृहत पोषण प्याकेज तालिम पुस्तिका र फिलिप पार्ट, आईमाम निर्देशिका, पोषण मैत्री स्वास्थ्य संस्था घोषणा निर्देशिका २०७९ र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका ।

**अनुगमनः** सम्बन्धित स्थानीय तह कार्यक्रम कार्यान्वयन अबधि र पक्षात अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

**<u>ख कार्यक्रम संचालन तथा व्यवस्थापन</u>**

क्रियाकलाप नं.१ कार्यक्रमको अनुगमन तथा मुल्यांकन

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यसका चरणको बारेमा सुधार हुदै गएको तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिन र आवश्यकतामा पृष्टपोषण प्रदान गर्ने यो कार्यक्रमको जरुरी छ। सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यकताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अवधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आ.व.भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरिएको हो ।

**उद्देश्यः**

* कार्यक्रम कार्यान्वयनको अवस्थामा सुधार गर्न सहयोग पुग्नेछ ।
* आवश्यकता अनुसार पृष्टपोषण प्रदान गर्न सजिलो हुनेछ।

* नियमित अनुगमन र मुल्यांकनले लक्ष प्राप्त गर्न सहज हुनेछ ।

**अपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय तह घोषणाका लागि सहयोग पुग्नेछ ।

**कार्यान्वयन गर्ने निकायः** गौर नपाको समन्वयमा शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ

**सञ्चालन प्रकृयाः**

* सुपरिवेक्षण तालिका बनाई सोही अनुसार अनुगमन गर्ने ।
* सरोकारवालाहरुको सहभागितामा पोषण उन्मुख टोल तथा वडामा अनुगमन गर्ने।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु. १ लाख १७ हजार बजेटको व्यवस्था गरिएको छ। बजेटको विस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**समाप्त**